# बित्थडचिर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## देउलेख ,बझाङ
## सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या २०८१-८२
च.न. ४२८३

मितिः-२०८१-०३-३१

श्री सबै वडा कार्यालय
वित्थडचिर गाउँपालिका देउलेख,बझाङ

स्थानिय सरकार बित्थडचिर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय देउलेख, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

विषयःसामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली २०७६ नियम (९) को उपनियम (१) नियम (८) बमोजिम सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नु पर्ने भएकाले यस गाउँपालिकाका ९ वटै वडा हरुमा आ.ब २०८०-८१ मा समाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहि हरुको आ.ब. २०८१-०८२ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि मिति २०८१ श्रावण १ गते देखि २०८१ भाद्र मसान्तसम्म सम्बन्धित वडा कार्यालयमा स्वयम् (आफै) उपस्थित भई निवेदन पेस गरि अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न गराउन हुन जानकारी गराईन्छ। साथै सम्पुर्ण लाभग्राहि हरुको पुरानो परिचयपत्र लाई वडा कार्यालयमैराखी नयाँ डिजिटल कार्ड उपलब्ध गराउन हुन अनुरोध गरिन्छ।

### सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्दा आवश्यक पर्ने कागजातहरु

- ✓ जेष्ठ नागरिकको हकमा
  नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति,ब्यक्तिगत परिचय पत्र ,पासपोट साइजको फोटो २ प्रति,राष्ट्रिय परिचय पत्र नम्बर।
- ✓ विधवा महिलाको हकमाः
  पतिको मृत्यु दर्ता प्रमाण पत्र नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति ब्यक्तिगत परिचय पत्र, पासपोट साइजको फोटो २ प्रति,राष्ट्रिय परिचय पत्र नम्बर।
- ✓ एकल महिलाको हकमाः
  नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति ब्यक्तिगत परिचयपत्र,पासपोट साइजको फोटो २ प्रति राष्ट्रिय परिचय पत्र नम्बर।
- ✓ एकल महिलाको हकमाः
  नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति ब्यक्तिगत परिचय पत्र, पासपोट साइज फोटो २ प्रति राष्ट्रिय परिचय पत्र नम्बर।
- ✓ अपाङ्गता भएका ब्यक्तिको हकमाः
  गाउँपालिका बाट जारि भएको परिचय पत्र नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति,ब्यक्तिगत परिचय पत्र, पासपोट साइज फोटो २ प्रति जन्म दर्ताको फोटो कपि १ प्रति
- ✓ सम्बन्ध बोच्छेदगरि गरि बसेका महिलाको हकमाः
  सम्बन्ध बोच्छेद प्रमाण पत्रको प्रतिलिपि १ प्रति अर्को विबाह नगरेको प्रमाण इपत्रको प्रतिलिपि १ प्रति नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति,ब्यक्तिगत परिचय पत्र, पासपोट साइजको फोटो २ प्रति राष्ट्रिय परिचय पत्र नम्बर।
- ✓ वालबालिकाको हकमा
  जन्मदर्ताको प्रतिलिपि,ब्यक्तिगत परिचयपत्र,आमा वा बुवाको नागरिकताको प्रतिलिपि ,र पासपोट साइजको फोटो २ प्रति

नर बहादुर धामी
नि. प्रमुखप्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

नोटः कुनै लाभग्राहिको नविकरण गर्न छुटेमा स्वतः लगत कट्टा गरिने छ र आगामि आर्थिक बर्ष २०८१-०८२ मा सामाजिक सुरक्षा भत्ता नपाईने ब्यहोरा जानकारि गरिन्छ।

"ब्यवसायिक र सिर्जनशील प्रशासनः-विकास समृदि रसुशासन"

CS CamScanner